केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/३१/०६५/६६ मिति : २०६५/११/६

सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयका सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट इजाजतपत्रप्राप्त वित्तीय संस्थाहरु (राष्ट्रियस्तरका बैंक तथा वित्तीय संस्थाहरु बाहेक) ले स्वीकृत आफ्नो भौगोलिक कार्यक्षेत्र भित्र अचल सम्पत्ति धितो राखी कर्जा प्रवाह गर्ने प्रयोजनका लागि परियोजना कर्जा बाहेकका अन्य प्रकृतिका कर्जाको हकमा त्यस्तो धितो तोकिएको भौगोलिक कार्यक्षेत्र भित्रकै हुनु पर्ने । साथै, यो निर्देशन जारी हुनु अगावै तोकिएको आफ्नो कार्यक्षेत्र भन्दा बाहिरको अचल सम्पत्ति धितो लिई प्रवाह भएको परियोजना बाहेकका कर्जाको हकमा २०६६ पौष मसान्तभित्र वा भुक्तानी अवधि (Maturity Period) मध्ये जुन अघि हुन्छ, त्यस समय सीमाभित्र उपरोक्त अनुसारको कारोवारलाई समायोजन गरीसक्नु पर्ने । यसरी तोकिएको समयसीमा भित्रमा त्यस्तो कर्जालाई यस निर्देशन बमोजिम समायोजन गर्न नसकेमा त्यस्तो कर्जा असुली नभएसम्म शतप्रतिशतले कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने ।

२. बैंक तथा वित्तीय संस्थाका संस्थापक शेयरधनले लिएको शेयर अन्य बैंक तथा वित्तीय संस्थामा धितो बन्धक राखी कर्जा लिएको भए सम्बन्धित बैंक वित्तीय संस्थाको वार्षिक प्रतिवेदनमा उल्लेख (Disclose) गर्नु पर्ने गरी लेखा नीति तथा वित्तीय विवरणहरुको ढाँचा सम्बन्धी व्यवस्था (एकीकृत निर्देशन नं. ४) मा देहाय बमोजिमको विवरण (अनुसूची ४.३२) थप गरिएको।

*ने.रा. बैंक निर्देशन अनुसूची ४.३२*

............................................ लिमिटेड

**संस्थापक/संस्थापक समूहका शेयर धनीले आफ्नो स्वामित्वमा रहेको शेयर अन्य बैंक तथा वित्तीय संस्थामा धितो राखी कर्जा लिएको विवरण**

| क्र. सं. | संस्थापक/संस्थापक समूह अन्तर्गत पर्ने शेयरधनीको नाम | संस्थापकको स्वामित्वमा कायम रहेको शेयर | | कर्जा विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | कूल कित्ता संख्या | कूल चुक्ता पूँजीको प्रतिशत | कर्जा लिएको अन्य बैंक/ वित्तीय संस्थाको नाम | कर्जा रकम | धितोमा रहेको शेयर कित्ता संख्या | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| . | | | | | | | |
| . | | | | | | | |

३. यस बैंकको पत्र संख्याः बै.वि.नि.वि./नीति/परिपत्र/२७/०६५/६६ मितिः २०६५/१०/०२ को परिपत्रबाट बैंक तथा वित्तीय संस्थाहरुले जुनसुकै प्रकारको कर्जा सम्बन्धी लिखत प्रचलित ऐन कानून बमोजिम देवनागरी लिपी नेपाली भाषामा तयार गरी २०६५ फाल्गुण १ गते देखि अनिवार्यरुपमा तयार गर्नु पर्ने व्यवस्था कायम गरिएकोमा सो अवधि दुई महिनाले थप गरी २०६६ वैशाख १ गतेदेखि लागू हुने गरी तोकिएको ।

४. यस बैंकबाट जारी भएको इ.प्रा.निर्देशन नं. १७/०६४/६५ "विपन्न वर्गमा प्रवाह गर्नु पर्ने कर्जा सम्बन्धी व्यवस्था" को बुँदा नं.३ मा बैंक तथा वित्तीय संस्थाहरुले प्रत्यक्ष रुपमा प्रवाह गरेको कर्जा अन्तर्गत खण्ड (ख) मा "नवीकरणीय उर्जा प्रविधि अन्तर्गत Solar Home Systems र/वा Bio-gas प्रयोजनमा प्रतिपरिवार साठीहजार रुपैयाँमा नवढ्ने गरी उपलब्ध गराएको कर्जा ।" विपन्न वर्गमा प्रवाह भएको कर्जामा गणना गरिने व्यवस्था भएकोमा उक्त व्यवस्थालाई

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

निम्नानुसार परिमार्जन गर्ने ।

नवीकरणीय उर्जा प्रविधि अन्तर्गत पचास किलोवाटसम्मको लघु जलविद्युत परियोजना (Micro Hydropower Project), घरेलु सौर्य विद्युत प्रणाली (Solar Home System), सौर्य चुलो (Solar Cooker), सौर्य ड्रायर (Solar Dryer), सौर्य विद्युत पम्प (Solar Pump), बायोग्याँस (Biogas), सुधारिएको पानी घट्ट (Improved Water Mill), सुधारिएको चुलो (Improved Cook Stoves) र वायू उर्जा (Wind Energy) प्रयोजनमा प्रतिपरिवार साठीहजार रुपैयाँमा नवढ्ने गरी प्रवाह गरेको कर्जा ।

५. यस बैंकबाट पत्र संख्या बै.वि.नि.वि./नीति/परिपत्र/८/०६३/६४ मिति २०६३/५/३० मा जारी भएको परिपत्रको बुँदा नं. (क) मा "यस बैंकबाट ईजाजतपत्रप्राप्त कुनै बैंक तथा वित्तीय संस्थाका संस्थापक शेयरधनीहरु मध्ये कर्जा सूचना केन्द्रको कालोसूचीमा सूचीकृत भईरहेका संस्थापक शेयरधनीले आफू संस्थापक रहेको बैंक/वित्तीय संस्थाको हकप्रद शेयर, अग्राधिकार शेयर तथा ऋणपत्र खरीद गर्न पाउने छैनन् ।" भन्ने विद्यमान व्यवस्था पछि निम्नानुसारको व्यवस्था थपगर्ने ।

तर, कर्जा सूचना केन्द्रको कालोसूचीबाट हटेको प्रमाण सहित सम्बन्धित बैंक/वित्तीय संस्थाका संस्थापक शेयरधनीले आफू संस्थापक रहेको बैंक/वित्तीय संस्थाको हकप्रद शेयर, अग्राधिकार शेयर तथा ऋणपत्र दावी गर्न आएमा प्रचलित कानून अनुसार अन्य व्यक्ति/संस्थालाई बेचविखन/बाँडफाँड/जफत गरिसकिएको अवस्था रहेनछ भने साविककै संस्थापक शेयरधनीले पाउने छन ।

६. यस बैंकबाट पत्र संख्या बै.वि.नि.वि./नीति/परिपत्र/१४/०६५/६६ मिति २०६५/०६/१७ मा जारी भएको परिपत्रमा उल्लेखित स्थायी तरलता सुविधा (Standing Liquidity Facility)सम्बन्धमा चालु आर्थिक वर्ष ०६५/६६ का लागि सार्वजनिक गरिएको मौद्रिक नीति वमोजिमको व्याज गणना विधि उल्लेख गर्न छुटहुन गएकोले उक्त परिपत्रको वुदा नं १ लाई निम्नानुसार परिमार्जन गरी मिति २०६५/०६/१७ गते देखि नै लागू हुने व्यवस्था गरिएको छ ।

<u>१. स्थायी तरलता सुविधा (Standing Liquidity Facility) सम्बन्धमा:</u>
नेपाल सरकारको ट्रेजरी बिल्स र विकास ऋणपत्रको धितोमा अल्पकालीन स्थायी तरलता सुविधा यसअघि वाणिज्य बैंकलाई मात्र दिईएकोमा अबदेखि विकास बैंक र वित्त कम्पनीलाई पनि प्रदान गरिने तथा यस्तो सुविधामा लगाउँदै आएको पेनाल व्याजदर साविकको २.० प्रतिशतबाट ३.० प्रतिशत कायम गरिएको छ । स्थायी तरलता सुविधाको व्याजदर गणना गर्दा पछिल्लो ९१-दिने ट्रेजरी बिल्सको औसत व्याजदर वा विगत एक महिनाभित्रको पछिल्लो रिपो बोलकबोल व्याजदर, जुन अधिकतम छ, त्यसमा ३.० प्रतिशत विन्दुले पेनाल व्याजदर थप गरेर कायम गरिने छ । यस्तो सुविधा सीमा विद्यमान ७५ प्रतिशतबाट वृद्धि गरी ९० प्रतिशत कायम गरिएको छ । साथै, यस सम्बन्धी अन्य व्यवस्था यथावत कायम गरिएको छ ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
निर्देशक

<u>बोधार्थ :</u>
१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
५. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
६. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
७. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
८. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।